SWC : 25236
DAO : 942/064/65

# Association of Private Medical & Dental College of Nepal

(Estd. 2064 BS)

**Executive Committee**

**President:**
**Dr. Gyanendra Man Singh Karki**
Birat Medical College, Biratnagar
Mobile: 98511-36460
Email: gkarms09@gmail.com

**Vice- President:**
**Dr. Buddhi Man Shrestha**
Kantipur Dental College, Kathmandu
Mobile: 98510-23469
Email: kdchbm@gmail.com

**Treasurer:**
**Mr. Shanta Raj Batas**
Manipal Medical College, Pokhara
Mobile: 98560-20829
Email: shanta@batas.com

**Members:**
**Dr. V. Natraj Prasad**
College of Medical Sciences, Bharatpur
Mobile: 98015-98015
Email: natrajyoga@yahoo.com

**Mr. Khuma Prasad Aryal**
Universal College of Medical Sciences / Gandaki Medical College
Bhairahawa/ Pokhara
Mobile: 98510-37017
Email: md@ucms.com.np

**Mr. Ashish Thapa**
Kist Medical College, Kathmandu
Mobile: 98510-45650
Email: thapaashish@hotmail.com

**Mr. Gopal Bahadur Pokharel**
Devdaha Medical College
Butwal
Mobile: 98570-20149
Email: devdahamedicalcollege@gmail.com

**Mr. Sriprasert Pandey**
Janaki Medical College
Email: sriprasert.jmc@gmail.com
Mob: 98010-73075

**Dr. Balvadra Adhikari**
Lumbini Medical College ,Palpa
Mobile: 982 000 0000
Email: lmcpalpa@gmail.com

**Advisors:**
**Dr. Suresh Kumar Kanaudiya**
**Dr. Harish Chandra Neupane**
**Dr. Bhola Rijal**
**MD. Basurdin Ansari**

मितिः २०८३/०६/१८

## प्रेस विज्ञप्ति

## चिकित्सा शिक्षासम्बन्धी लगाइएको आरोपप्रति एसोसिएशनको गम्भीर ध्यानाकर्षण

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीरगञ्जका सम्बन्धमा सांसद रहबर अन्सारीद्वारा प्रतिनिधिसभामा व्यक्त गरिएको आरोपप्रति निजी मेडिकल तथा डेण्टल कलेज एसोसिएशन अफ नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

संकाय सदस्य, स्नातकोत्तर प्रशिक्षण, नियामक निरीक्षण, अस्पताल सेवा तथा विद्यार्थीको शैक्षिक वातावरणसँग सम्बन्धित विषय सामान्य प्रकृतिका होइनन्। सांसद अन्सारीद्वारा नेशनल मेडिकल कलेजमा काम नगर्ने व्यक्तिलाई संकाय सदस्यका रूपमा देखाएर पीजी सिट लिइएको, चिकित्सा शिक्षा आयोगको निरीक्षणका क्रममा नक्कली बिरामी प्रस्तुत गरिएको तथा विद्यार्थीले अनियमितताका विषय उठाएपछि उनीहरूको अध्ययन र आवासमा अवरोध गरिएको लगायतका आरोप प्रतिनिधिसभामा उठाइएको विवरण सार्वजनिक भएको छ ।
चिकित्सा शिक्षाको गुणस्तर प्रत्यक्ष रूपमा नागरिकको स्वास्थ्य र जीवनसँग जोडिने भएकाले यस्ता आरोपको निष्पक्ष तवरबाट अनुसन्धान हुनुपर्छ भन्नेमा एसोसिएशन स्पष्ट छ । कुनै मेडिकल कलेजमा अनियमितता भएको तथ्य र प्रमाण छन् भने त्यसको छानबिन र कारबाहीका लागि चिकित्सा शिक्षा आयोग, सम्बन्धित विश्वविद्यालय, नेपाल मेडिकल काउन्सिललगायत अधिकारप्राप्त नियामक निकाय विद्यमान छन् । अनियमितता प्रमाणित भएमा जोसुकै भए पनि प्रचलित कानुनअनुसार कारबाही हुनुपर्छ र त्यस्तो कार्यको संरक्षण नगर्नेमा एसोसिएशन प्रष्ट छ ।

तर आरोप र प्रमाणित तथ्य एउटै होइनन् । संसद्जस्तो गरिमामय थलोमा सार्वजनिक सरोकारका विषय उठ्नु स्वाभाविक र आवश्यक भए पनि कुनै शैक्षिक तथा स्वास्थ्य संस्थामाथि गम्भीर आरोप प्रस्तुत गर्दा तथ्य, प्रमाण र जिम्मेवारीप्रति उच्च संवेदनशीलता अपनाउनुपर्दछ । अधिकारप्राप्त निकायको छानबिन तथा आधिकारिक निष्कर्ष आउनुअघि आरोपलाई नै स्थापित तथ्यका रूपमा प्रस्तुत गरिँदा सम्बन्धित संस्थाको प्रतिष्ठामा मात्र होइन, त्यहाँ अध्ययनरत विद्यार्थीको मनोबल र भविष्य, चिकित्सक तथा स्वास्थ्यकर्मीको पेशागत प्रतिष्ठा, उपचाररत बिरामीको विश्वास तथा समग्र चिकित्सा शिक्षा र स्वास्थ्य प्रणालीप्रतिको सार्वजनिक भरोसामा समेत असर पर्न सक्छ ।

कुनै व्यक्ति वा संस्था तथ्य, कानुन, नियमन र उत्तरदायित्वभन्दा माथि हुन सक्दैन र हुनुहुँदैन । प्रमाणित अनियमितताको संरक्षण हुनु पनि हुँदैन । त्यसैगरी प्रमाणित हुन बाँकी आरोपका आधारमा सार्वजनिक रूपमा दोषी ठहर गर्ने अवस्था पनि बन्नु हुँदैन भन्नेमा एसोसिएशनको धारणा स्पष्ट छ ।

त्यसैले एसोसिएशन चिकित्सा शिक्षा आयोग, सम्बन्धित विश्वविद्यालय, नेपाल मेडिकल काउन्सिल तथा अन्य अधिकारप्राप्त निकायलाई सार्वजनिक रूपमा उठाइएका विषयको शीघ्र, निष्पक्ष र पारदर्शी छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न आग्रह गर्दछ। साथै सम्बन्धित सबै पक्षलाई विद्यार्थीको भविष्य, बिरामीको सेवा तथा नेपालको चिकित्सा शिक्षाप्रतिको सार्वजनिक विश्वासलाई केन्द्रमा राखी संयमित, जिम्मेवार र तथ्यमा आधारित अभिव्यक्ति तथा व्यवहार अपनाउन अनुरोध गर्दछ ।

**निजी मेडिकल तथा डेण्टल कलेज एसोसिएशन अफ नेपाल**